स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर

३३औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. डा. हरि बहादुर दर्लामी
उपाध्यक्ष
ई. डा. नारायण प्रसाद अधिकारी
महासचिव
ई. रवि भुषण झा
उप-महासचिव
ई. सरोज घिताल
कोषाध्यक्ष
ई. दिनेश त्रिपाठी
सह-कोषाध्यक्ष
ई. दिपक अधिकारी
सदस्यहरु
ई. मनिष मल्लिक
ई. सागर भट्टराई
ई. कुशलता न्यौपाने
ई. हरिनारायण राय यादव
ई. सुरज चापागाई
ई. निशान नेपाल
ई. बिद्या बराल
ई. विनोद बहादुर पाल
ई. ईश्वर पोखेल
ई. अनुपम पराजुली
ई. अशेष निरौला
ई. खुम बहादुर भण्डारी
ई. रण बहादुर बम (सूदूरपश्चिम प्रदेश)
ई. रोशन सुवेदी (प्रदेश नं. १)
ई. विनोद पुन (कर्णाली प्रदेश)
ई. रविन्द्र लाल मूल (गण्डकी प्रदेश)
ई. विश्व रञ्जन मिश्र (लुम्बिनी प्रदेश)
ई. सुव्रत अर्याल (बागमती प्रदेश)
ई. संजय कुमार यादव (मधेश प्रदेश)

मितिः २०८०/०५/१२

## प्रेस विज्ञप्ति

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान डिनको कार्यालयद्वारा वि.ई. / वि.आर्क भर्ना शुल्क पुनरावलोकन समितिको २०८० को सिफारिसको आधारमा इन्जिनियरिङ तथा आर्किटेक्ट स्नातक तहको भर्ना शुल्क वृद्धि गरिएको भन्ने मिति २०८०/०५/०९ मा सार्वजनिक विज्ञप्ति तथा मिति २०८०/०५/१० मा पुल्चोक क्याम्पस, पश्चिमाञ्चल क्याम्पस, थापाथली क्याम्पस र पूर्वाञ्चल क्याम्पसका क्याम्पस प्रमुखज्यूहरूको संयुक्त हस्ताक्षर भएको सार्वजनिक विज्ञप्तीका सम्बन्धमा नेपाल इन्जिनियर्स एशोसिएसनको ध्यानाकर्षण भएको छ ।

हाम्रो देशको संविधानले लोक कल्याणकारी राज्य व्यवस्थाको परिकल्पना गरेको छ । जस अन्तर्गत शिक्षा, स्वास्थ्य, खाद्यान्न र सुरक्षा जस्ता आधारभूत विषयहरू सर्वसुलभ र सबैको पहुँचमा हुनु पर्दछ भन्ने नै हो । तसर्थ सरकारले दिँदै आएको विकास बजेटमा निरन्तर कटौती गरेको कारण शुल्क बृद्धि हुँदा आम अभिभावक र विद्यार्थी मारमा पर्ने भएकोले बिद्यमान अवस्थामा शुल्क वृद्धिको स्थिति पैदा हुनु सकारात्मक मान्न सकिँदैन । तसर्थ यो विषयलाई नेपाल सरकारले उचित संबोधन गरी समाधानको पहल गर्नु पर्दछ । इ.अ.सं.को उपरोक्त शुल्क वृद्धिको प्रभाव आगामी दिनमा अन्य विश्वविद्यालय मातहतका सरकारी तथा निजि क्षेत्रमा संचालित कलेजहरूमा पनि पर्ने निश्चय नै छ । तसर्थ सरकारी स्वामित्वको शिक्षण संस्था संचालन गर्न विद्यार्थीहरूबाट चर्को शुल्क लिनुपर्ने बाध्यता देखिनु शुभ संकेत होइन । यसको दायित्व र सम्पूर्ण व्यवस्थापनको जिम्मा राज्यले लिनु पर्दछ भन्ने यस एशोसिएसनको मान्यता रहेको छ ।

नेपालको प्रविधिक शिक्षामा उच्चकोटीको गौरवमय इतिहास बोकेको इन्जिनियरिङ अध्ययन संस्थानको आर्थिक अवस्थालाई संबोधन गर्नका लागि सरकारी लगानी बढाउनु बाहेक अर्को बिकल्प नरहेको हुँदा आवश्यकता अनुसारको बजेट व्यवस्थापन गरी सर्वसुलभ शुल्कमा सबै नेपालीका छोरा छोरीहरूले पढ्न पाउने उचित वातावरण बनाउन यस एशोसिएसन नेपाल सरकारसँग हार्दिक अपिल गर्दछ । यसका साथै शुल्क वृद्धिको विरोधमा विगत केही दिनदेखि आमरण अनशनरत विद्यार्थी **सुलभ चापागाईं** लगायत अन्य बिद्यार्थीहरूको स्वास्थ्य उपचार तथा जीवन रक्षाको लागि जोडदार माग गर्दै शुल्क वृद्धि सम्बन्धमा गरिएको निर्णय सरोकारवाला पक्षहरूसँगको सवांद तथा छलफलबाट समस्याको समाधान सहित ठोस निचोडमा पुग्न यस एशोसिएसन नेपाल सरकार, इन्जिनियरिङ अध्ययन संस्थान लगायत सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछ ।

इ. रवि भुषण झा
महासचिव

इ. डा. हरि बहादुर दर्लामी
अध्यक्ष

ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोनः ०१-५०१०२५१, ५०१०२५२
फ्याक्सः ०१-५०१०२५३, ईमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np